# <u>जिल्ला समन्वय समिति निर्वाचन (दोस्रो संशोधन) निर्देशिका, २०७४</u>

**निर्वाचन आयोगबाट स्वीकृत मिति :२०७४।४।१०**

जिल्ला समन्वय समिति निर्वाचन निर्देशिका, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७१ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस निर्देशिकाको नाम "जिल्ला समन्वय समिति निर्वाचन (दोस्रो संशोधन) निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>जिल्ला समन्वय समिति निर्वाचन निर्देशिका, २०७४ को दफा ३३ मा संशोधन</u> :** जिल्ला समन्वय समिति निर्वाचन निर्देशिका, २०७४ को (यसपछि "मूल निर्देशिका" भनिएको) दफा ३३ को दफा शीर्षकमा रहेको "खर्च शीर्षक नं. २२७११" भन्ने शब्दहरुको सट्टा "खर्च शीर्षक नं.२२३११"भन्ने शब्दहरु राखिएका छन् ।

३. **<u>मूल निर्देशिकाको दफा ४३ मा संशोधन</u>** : मूल निर्देशिकाको दफा ४३ को,-

(१) उपदफा (२) मा रहेका "दुई दिनभित्र" भन्ने शब्दहरुको सट्टा "पाँच दिनभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) निर्वाचन अधिकृतले उपदफा (२) बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराई स्रेस्ता र प्रमाणित आर्थिक विवरण निर्वाचन परिणाम प्रकाशन भएको मितिले बाटोको म्यादबाहेक दश दिनभित्र अन्तिम लेखा परीक्षणको लागि आयोगमा पेश गर्नु पर्नेछ ।"